आज मिति २०७७/०२/१६ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का. | ९८४१७०६२२१ | |
| ६ | महेन्द्र नाथ भट्टराई | जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ७ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ८ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

निर्णयहरु :-

१. चौतारा साँगाचोकगढी नगरपालिकाको च.नं. १६९४ मिति २०७७।०२।१६ को पत्रद्धारा माग गरिएको स्लिपिङ्ग व्याग थान-१० र म्याट्रेस थान-१० नेपाली सेनाको गोरखवक्स गणमा रहेको विपद्को स्टोरवाट चौतारा साँगाचोकगढी नगरपालिकालाई उपलब्ध गराउने ।

२. यस जिल्लामा भारत लगायतका देशहरुवाट आउने नागरिकहरुको लागि आवश्यक पर्न सक्ने क्वारेन्टाइनहरुको व्यवस्थापन गर्न सुकुटे क्षेत्रका होटल तथा रिसोर्टहरुलाई समेत प्रयोग गर्न रिसोर्ट व्यवसायीहरुसँग आवश्यक छलफल प्रारम्भ गर्ने ।

३. क्वारेन्टाइन निर्माण गर्ने प्रयोजनको लागि आवश्यकता परेमा यस जिल्लाको मेलम्ची न.पा. स्थित मेलम्ची रिभरसाईड इनलाई क्वारेन्टाइन सञ्चालन गर्न दिन होटल सञ्चालकलाई पत्र लेख्ने ।

४. यस जिल्लास्थित केही क्षेत्रीय क्वारेन्टाइनहरुमा नेपाली सेनाले क्वारेन्टाइनमा रहेकाहरुको लागि खाना वनाउने कार्यको व्यवस्थापन गर्दै आएकोमा क्रमशः उक्त कार्य सम्बन्धित क्वारेन्टाइन व्यवस्थापन समितिले गर्ने व्यवस्था मिलाउने र नेपाली सेनाले क्वारेन्टाइनको सुरक्षा व्यवस्था तथा अन्य व्यवस्थापनमा सहयोग गर्ने ।

५. यस जिल्लास्थित भिमटार स्वास्थ्य चौकीको एम्बुलेन्सलाई मेलम्चीमा रहेको क्षेत्रीय क्वारेन्टाइनमा Dedicated एम्बुलेन्सको रुपमा रहने गरी सम्झौता गर्न क्षेत्रीय क्वारेन्टाइन व्यवस्थापन समिति र एम्बुलेन्स सञ्चालक समितिलाई अनुरोध गर्ने ।

६. यस जिल्लामा संभावित संक्रमणलाई दृष्टिगत गरी अन्य जिल्लावाट आउने फलफुल तथा तरकारी भित्र्याउन प्रतिवन्ध लगाइएकोमा कतिपय स्थानमा लुकिछिपी अन्य जिल्लावाट तरकारी तथा फलफुल भित्र्याएको गुनासो प्राप्त भएकोले त्यस्तो कार्य गरेको पाईएमा संक्रमण ऐन, २०२० वमोजिम कारवाही गर्ने, गराउने ।